**Prithvi Wangmaya**
(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# ध्रुवचन्द्र गौतमको *अग्निदत्त+अग्निदत्त*मा निस्सारता

## (Nothingness in Dhrubachandra Gautam's *Agnidutta+Agnidutta*)

**डा. श्रीधर न्यौपाने (Dr. Shree Dhar Neupane)**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali, Prithvi Narayan Campus, Pokhara)

**Article History:**
Receved 27 May 2025, Reviewed 17 July 2025, Accepted 27 August 2025
**Corresponding Author:**
Shree Dhar Neupane; Email: shreedhar137@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85740

**सार (Abstract)**

प्रस्तुत अध्ययन ध्रुवचन्द्र गौतमद्वारा लिखित *अग्निदत्त+अग्निदत्त* उपन्यासको अस्तित्ववादी जीवनदृष्टिको एक प्रमुख मान्यता निस्सारताका दृष्टिले गरिने विश्लेषणमा केन्द्रित रहेको छ । यस अध्ययनको क्षेत्रका रूपमा उपन्यास र समस्याका रूपमा अस्तित्ववादी निस्सारता रहेको छ । उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति कसरी गरिएको छ भन्ने अनुसन्धेय जिज्ञासाको निरूपण गर्ने उद्देश्य यस लेखमा राखिएको छ । यो लेख बहुसत्यमा आधारित गुणात्मक अनुसन्धानढाँचामा आबद्ध रहेको छ । यस अध्ययनमा स्वतन्त्रताजन्य पीडाका कारण मानिसले जीवनलाई व्यर्थ ठाने पनि जीवनप्रति आशावादीका साथ क्रियाशील हुन्छ भन्ने कुरालाई तत्वमीमांसाका रूपमा उपयोग गरिएको छ । उक्त सत्यतालाई उपन्यासका साक्ष्यका आधारमा पुष्टि गरी ज्ञान निर्माण गरिएको छ । सम्भावनालाई खुला राखी शोधदर्शनका बिचमा समन्वयसमेत कायम गरिएको छ । पाठविश्लेषणविधिको अवलम्बन गरिएको यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन् । यस अध्ययनमा पाश्चात्य चिन्तन परम्परामा स्थापित अस्तित्ववादी जीवनदर्शनको प्रमुख मान्यता निस्सारतालाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । यसै सिद्धान्तको आशय अनुरूप निर्मित सूचकहरू

*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

स्वतन्त्रताजन्य पीडा, जीवनप्रतिको व्यर्थता र आशावादी स्वरका आधारमा समस्याको समाधान गरिएको छ । अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको मानिसले समस्या भोग्नुपर्दा उसमा जीवनप्रति वितृष्णाभाव जागृत भए पनि जीवनप्रति आशावादी रहँदै कर्ममा प्रवृत्ति रहनुपर्छ भन्ने लोककल्याणकारी विचारलाई यस उपन्यासमा पात्रका क्रियाव्यापारका माध्यमबाट अभिव्यक्त गरिएको छ भने निष्कर्ष यस अध्ययनको रहेको छ । (The present paper analyzes Agnidutta+Agnidutta, a novel written by Dhrubachandra Gautam from the existentialist perspective using the issue of nothingness. In this paper, the novel has been considered a text and existential nothingness as an issue for critical analysis. Therefore, the main objective of this study is to find out on how nothingness is presented in the novel, which is considered the main research problem. This study employs qualitative research design, understanding multiple meanings as ultimate reality. Although the study critically analyzes human life as useless due to existential choices, human beings see possibilities in life. This reality has been considered the evidence to contribute to human knowledge. Possibilities in life have been regarded as the philosophy of inquiry. Using a textual analysis method, the study has based its study on primary and secondary sources of information from the library. Existentialism, particularly the idea of nothingness, has been employed as a theoretical framework. Based on this model, the study has addressed the issues of existential choices, nothingness, and possibilities in life, which have been considered as parameters. The study concludes that having free choices in life for existence is a problematic issue, but the novel presents its characters who see possibilities in life that are essential for the betterment of human beings.)

**शब्दकुञ्जी** (Keywords): अस्तित्ववाद, निस्सारता, निरर्थकता, सम्भावना (Existentialism, nothingness, uselessness, possibility)

## विषयपरिचय

आधुनिक नेपाली उपन्यास सिर्जनापरम्परामा २०२४ मा *अन्त्यपछि* उपन्यास प्रकाशन गराई उपन्यासकारका रूपमा परिचित ध्रुवचन्द्र गौतम (२०००) नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा स्थापित छन् । साहित्यका कविता, कथा, उपन्यास, नाटक, निबन्ध जस्ता सबै विधामा सिर्जना गरेका गौतमलाई सर्वाधिक लोकप्रिय बनाउने साहित्यिक विधा उपन्यास हो । २०२४ देखि आजसम्म उनले उनन्तिसवटा उपन्यासहरू सिर्जना गरेका छन् । नेपाली समाज र राजनीतिका क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई उपन्यासको विषयवस्तु बनाउने गौतमका उपन्यासहरू शिल्पगत विविधताका कारण बढी प्रसिद्ध बनेका छन् । उनले आफ्ना उपन्यासमा व्यङ्ग्य, श्यामव्यङ्ग्य, विनिर्माण, स्वैरकल्पना एवम् मिथकको प्रयोग कुशल ढङ्गले गरेका छन् । अनुभवन्यास, सूत्रउपन्यास जस्ता उपन्यासका शिल्पी गौतमले पाश्चात्य चिन्तनपरम्परामा स्थापित अस्तित्ववादी जीवनदृष्टिलाई आफ्ना उपन्यासमा अभिव्यक्त गरेका छन् । उनको *अग्निदत्त+अग्निदत्त* उपन्यासका पात्रमा जागृत जीवनप्रतिको निस्सारताको भावलाई गहन ढङ्गले अभिव्यक्त गरेकाले अस्तित्ववादी निस्सारताका कोणबाट

उक्त उपन्यासको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

जीवनजगत्का व्यापक परिदृश्यलाई गद्य भाषाका माध्यमबाट आख्यानात्मक रूपमा प्रस्तुत गरिने नवीन साहित्यिक विधा उपन्यासमा उपन्यासकारले विभिन्न जीवनदृष्टिलाई अभिव्यक्त गरेको हुन्छ । अस्तित्ववाद पनि एक महत्त्वपूर्ण जीवनदृष्टि हो । अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको मान्छेले भोग्नुपरेका समस्याका कारण उसमा जीवनप्रति नै निराशाको भाव जागृत भए पनि जीवनप्रति आशावादी रहँदै कर्ममा लागिरहनुपर्छ भन्ने मान्यता अस्तित्ववादी निस्सारताको रहेको छ । बिसौँ शताब्दीमा पाश्चात्य चिन्तनपरम्परामा विकसित भएको यो जीवनदृष्टि साहित्यिक कृति विश्लेषणको महत्त्वपूर्ण सैद्धान्तिक आधारका रूपमा रहेको छ । *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति भएको छ भन्ने कुराको जानकारी उक्त उपन्यासको पठन र त्यस उपन्यासमा केन्द्रित रही गरिएका पूर्वकार्यको अध्ययनबाट ज्ञात भएको छ तर त्यसैलाई सैद्धान्तिक आधार बनाई गरिने प्राज्ञिक अध्ययनको भने रिक्तता देखिएको छ । ज्ञानको सोही रिक्तताको परिपूर्ति गर्ने अभिप्राय अनुरूप यस अध्ययनमा *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अस्तित्ववादी निस्सारतालाई कसरी अभिव्यक्त गरिएको छ भन्ने जिज्ञासालाई मूल समस्या बनाइएको छ ।

वीरचरित्रको पुनर्पठन गरिएको *अग्निदत्त+अग्निदत्त* उपन्यासलाई अस्तित्ववादी निस्सारताका कोणबाट विश्लेषण गर्दा स्वतन्त्रताजन्य पीडा, जीवनप्रतिको व्यर्थता र आशावादी स्वरलाई सूचकका रूपमा उपयोग गरिएको छ । मानिसले अस्तित्वका लागि गरेका निर्णयका कारण भोग्नुपरेका समस्या स्वतन्त्रताजन्य पीडा हो । मानिसले जीवनमा भोग्नुपरेका अनपेक्षित परिणामका कारण उसमा जागृत जीवनप्रतिको निराशायुक्त भाव जीवनप्रतिको व्यर्थता हो । निरर्थक जीवनमा पनि अस्तित्वका लागि मानिसले देखाएको क्रियाशीलता जीवनप्रतिको आशावादी स्वर हो । यिनै उपकरणका आधारमा *अग्निदत्त+अग्निदत्त* उपन्यासको विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र हो । यस अध्ययनमा सम्भाव्य नमुना छनोटविधिको प्रयोग गरिएको छ । बहुसत्यमा आधारित गुणात्मक अनुसन्धानढाँचा अवलम्बन गरिएको यस अध्ययनमा पाठविश्लेषणविधिको प्रयोग गरिएको छ । निरर्थक जीवनमा अनेक समस्याहरू आए पनि स्वतन्त्र निर्णय गर्दै सक्रिय रहनुपर्छ भन्ने मान्यता वरण गर्ने अस्तित्ववादी निस्सारताका कोणबाट गरिएको यो अध्ययन नवीन, मौलिक र लोकका लागि उपयोगी हुने देखिएकाले औचित्यपूर्ण रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन बहुसत्यमा आधारित रहेको छ । गुणात्मक अनुसन्धानढाँचा अवलम्बन गरिएको यस अध्ययनमा स्वतन्त्रताको पीडा भोगेको मानिसले जीवनलाई व्यर्थ ठाने पनि अस्तित्वका लागि जीवनप्रति आशावादी रहेको हुन्छ भन्ने कुरालाई सत्य ठानी तत्त्वमीमांसाका रूपमा ग्रहण गरिएको छ । उक्त सत्यतालाई *अग्निदत्त+अग्निदत्त* उपन्यासको सूक्ष्म अध्ययन गरी प्राप्त साक्ष्यका आधारमा विश्लेषण गरी ज्ञाननिर्माण गरिएको छ । यस अध्ययनमा तत्त्वमीमांसाका सत्यतालाई समान महत्त्व दिई सम्भावनालाई खुला राखिएकाले शोधदर्शनका बिचमा समन्वयसमेत कायम भएको छ । यस अध्ययनको क्षेत्रसँग सम्बद्ध ध्रुवचन्द्र गौतमको *अग्निदत्त+अग्निदत्त* उपन्यासलाई सामग्रीको

आकार र नमुनाको आकारका रूपमा ग्रहण गरिएको छ । सम्भाव्य नमुना छनोटविधिको अवलम्बन गरिएको यस अध्ययनमा पाठविश्लेषणविधिको उपयोग गरिएको छ । अध्ययनका लागि आवश्यक प्राथमिक स्रोतको सामग्रीका रूपमा *अग्निदत्त+अग्निदत्त* उपन्यास र द्वितीयक स्रोतका सामग्रीका रूपमा उक्त उपन्यासमा भएका पूर्वकार्यहरू र सिद्धान्तसँग सम्बद्ध सामग्री रहेका छन् । यी दुवै खालका सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । अस्तित्ववादी निस्सारताका कोणबाट *अग्निदत्त+अग्निदत्त* उपन्यासको विश्लेषण गर्नका लागि स्वतन्त्रताजन्य पीडा, जीवनप्रतिको व्यर्थता र आशावादी स्वरलाई आधार बनाई शोधप्रश्नमा उठान गरिएको जिज्ञासाको समाधान गरिएको छ ।

## *सैद्धान्तिक आधार*

प्रस्तुत अध्ययनमा मानव जीवनको व्यर्थता, उसले गर्ने स्वतन्त्र निर्णय र उसले वहन गर्नुपर्ने उत्तरदायित्व जस्ता पक्षलाई आधार बनाई पाश्चात्य चिन्तनपरम्परामा विकसित भएको एक महत्त्वपूर्ण जीवनदर्शनका रूपमा स्थापित अस्तित्ववादको एक प्रमुख मान्यता निस्सारतालाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । अस्तित्ववाद पाश्चात्य चिन्तनपरम्परामा बिसौँ शताब्दीमा विकसित भएको आधुनिक जीवनदर्शन हो । पाश्चात्य दार्शनिकहरू देकार्त, हेगेल तथा तिनका अनुयायीहरूले ईश्वर र राज्यका सामु मानव अस्तित्वलाई उपेक्षा गरेका अवस्थामा त्यसको प्रतिवाद गर्दै डेनमार्कका धार्मिक चिन्तक किर्केगार्डले मानव अस्तित्व र उसको सामर्थ्यलाई महत्त्व दिई उन्नाइसौँ शताब्दीमा यस दर्शनको प्रारम्भ गरे र यसलाई सिद्धान्त र प्रयोगका माध्यमबाट घनीभूत बनाउने काममा नित्से, हाइडेगर, सार्त्र, कामु जस्ता दार्शनिकहरू सक्रिय भएर लागे । यस दर्शनका विभिन्न मान्यताहरूमध्येको एक महत्त्वपूर्ण मान्यताका रूपमा स्थापित निस्सारताले जीवन निस्सार, निरर्थक, व्यर्थ, एक्लो एवम् शून्य भए पनि यस्तो जीवनमा आइपरेका समस्याबाट भाग्ने होइन तिनलाई भोग्दै र स्वतन्त्र निर्णय गर्दै क्रियाशील रहनुपर्छ भन्ने मान्यता राखेको छ । मानिसले गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याका कारण उसमा निराशाको भाव देखिए पनि अस्तित्वका लागि जीवनप्रति आशावादी रहँदै सङ्घर्ष गरिरहनुपर्छ भन्ने कुरालाई अस्तित्ववादी निस्सारताले बोध गराएको छ ।

मानिसले व्यर्थ ठानिरहेको जीवनलाई सारयुक्त तुल्याउनका लागि स्वतन्त्र निर्णय गरेपछि आइपरेका समस्याका कारण उसले भोग्नुपरेका दुःखलाई स्वतन्त्रताको पीडाका रूपमा बोध गर्न सकिन्छ । मानव जीवनको अन्तिम सत्य मृत्यु भएकाले त्यसपूर्व नै यसले अस्तित्व स्थापित गर्न मानिसलाई प्रेरित गर्छ (Habib, 2011, p. 211) . मृत्युको कारणले मानिसलाई त्रास सिर्जना गरेको हुन्छ । आफ्नो जीवनलाई सफल बनाउनका लागि मृत्युपूर्व नै उसले प्रयत्न गरिरहेको हुन्छ । मानिस प्रामाणिक जीवन बाँच्न चाहन्छ (रुबिचेक, सन् १९७३, पृ. १३३) । यसका लागि पटक पटक स्वतन्त्र निर्णय गरिरहेको हुन्छ । मानिसले आफूलाई बनाउनका लागि स्वतन्त्र निर्णय गर्नुपर्छ (Sartre, 1957/2011, p.n.d.) । मानिसले आफूलाई बनाउनका लागि गरेको स्वतन्त्र निर्णयका कारण एकपछि अर्को गरी अनेक समस्याको सामना गर्न बाध्य भएको हुन्छ । उसले गरेको निर्णय नै उसको जीवनको वेदनायुक्त कारक बनेको हुन्छ (सक्सेना र मिश्र, सन् १९८८, पृ. २०४) । अस्तित्वका लागि मानिसले स्वतन्त्रतालाई छनोट गरेको हुन्छ । यही छनोटले उसलाई त्रासको विन्दुमा पुऱ्याएको हुन्छ (प्रधान,

सन् १९७१, पृ.७०) । स्वतन्त्र निर्णयका कारण समस्याबाट प्रताडित मानिसले जीवनमा निराशाको अनुभूति गरिरहेको हुन्छ । मानिसले आफूलाई बनाउनका लागि गरेको निर्णयका कारण सिर्जित समस्या नै अस्तित्ववादी जीवन दर्शनमा स्वतन्त्रताजन्य पीडाका रूपमा परिचित छ ।

मानिसले आफूलाई जीवनमा स्थापित गराउनका लागि गरेको निर्णयका कारण एकपछि अर्को समस्याको सामना गर्नुपर्दा उसले जीवनलाई व्यर्थ ठानिरहेको हुन्छ । मान्छेको अस्तित्व उसले गर्ने निर्णयशक्तिमा निर्भर रहन्छ (त्रिपाठी, २०३०/२०४९, पृ. १२१) । ऊ निर्णय नगरीरहन सक्दैन । कुनै कुरा नछान्दा पनि उसले निर्णय नै गरेको हुन्छ । उसले गरेको निर्णयका कारण अभाव, अनिश्चितता, सङ्कट र विसङ्गतिको सामना गर्नुपर्छ (खतिवडा, २०७४, पृ. ४२) । जीवनमा मानिसले भोग्नुपरेका यस्ता अनपेक्षित परिस्थितिका कारण नै उसमा जीवनप्रतिको व्यर्थताको भाव जागृत भइरहेको हुन्छ । विसङ्गत पक्षको सामना गर्नुपर्दा मानिसमा जीवनप्रति व्यर्थको भाव जागृत हुन्छ (प्रधान, सन् १९७१, पृ. ७९) । जीवनमा भोग्नुपरेका अनेक अनपेक्षित परिस्थितिले मानिसलाई चिन्तित बनाएका हुन्छन् । अर्थहीन जीवनलाई अर्थयुक्त बनाउन मानिस आफै लक्ष्य लिएर क्रियाशील हुनुपर्छ ( पाण्डे, २०६२, पृ. ७७) । मानिसले जीवनमा देखाएको क्रियाशीलता सार्थक बन्ने स्थिति रहँदैन । एकपछि अर्को आकाङ्क्षा थपिँदै जान्छन् । ती पूरा हुने सम्भावना देखिँदैन । केवल शून्यता मात्र भोग्नुपर्छ (Kaufman, 1956/1960, p. 110) । मानिसका प्रयत्न व्यर्थ बनिरहेका हुन्छन् । जीवनमा भोग्नुपरेका यस्ता अपेक्षा विपरीतका परिस्थितिले नै मानिसमा जीवनप्रतिको व्यर्थता बोधको भाव सिर्जना गरिरहेको हुन्छ ।

मान्छेले जीवनमा अस्तित्वका लागि प्रयत्न गरिरहेका अवस्थामा भोग्नुपरेका असफलताका कारण उसले जीवनलाई व्यर्थ ठाने पनि जीवनबाट भाग्ने नभई स्वतन्त्र निर्णय गर्दै क्रियाशील हुनुलाई जीवनप्रतिको आशावादी स्वरका रूपमा बोध गर्न सकिन्छ । स्वतन्त्रता र उत्तरदायित्व वहनको अनिवार्यताका कारण मानिस निराश देखिएको हुन्छ (Sartre, 1947/2007, p. 27) । निराशा समस्याको समाधान होइन । कर्मबाट निवृत्ति हुनु पनि अस्तित्वशील मानिसको पहिचान होइन । मानिसले सिसिफसको जस्तै कर्मशील र सङ्घर्षपूर्ण जीवन बाँच्नुपर्छ (भट्टराई, २०४९/२०६७, पृ. ७४) । जीवनलाई सार्थक बनाउनका लागि समस्यासँग निरन्तर जुध्दै मानिसले गरेको सङ्घर्ष नै जीवनप्रतिको आशावादी स्वर हो । मानिसले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्छ (Sartre, n.d., p. 579) . मान्छेको जीवनप्रतिको आशावादी दृष्टिकोणलाई उसले गरेको सङ्घर्षले प्रमाणित गरेको हुन्छ । जीवन सङ्घर्षपूर्ण छ, अभावयुक्त छ , समस्याबाट मुक्त हुन सकिँदैन भन्ने कुराको बोध गरेको मान्छेले ती समस्यालाई सामना गर्दै जीवनमा देखाएको क्रियाशीलताले उसमा जागृत जीवनप्रतिको आशावादी स्वरलाई बोध गराएको हुन्छ । अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको मानिसले भोग्नुपरेका पीडाका कारण जीवनलाई व्यर्थ ठाने पनि उसले लक्ष्य निर्धारणका साथ देखाएको क्रियाशीलताले आशावादी स्वरलाई सञ्चार गर्छ भन्ने अस्तित्ववादी जीवन दृष्टिको मान्यतालाई यस अध्ययनमा सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ ।

## विमर्श र नतिजा

गिरिशवल्लभ जोशीको *वीरचरित्र* ( १९६०) उपन्यासको विनिर्माण गरी ध्रुवचन्द्र

गौतम (२०००) ले लेखेको *अग्निदत्त+अग्निदत्त* (२०५३) उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भए पनि यस अध्ययनमा अस्तित्ववादी जीवनदृष्टिको एक महत्त्वपूर्ण मान्यता निसारतालाई सैद्धान्तिक आधार बनाइएको छ । यस उपन्यासका प्रमुख पात्रहरू वृक्षा र अग्निदत्तले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जाँदा जीवनमा भोग्नुपरेका समस्याका कारण तिनमा जीवनप्रतिको व्यर्थताको भाव जागृत भए पनि जीवनप्रति आशावादी रहेको कुरालाई केन्द्रीय कथ्य बनाइएको छ । उपन्यासका पात्रमा जागृत जीवनप्रतिको निस्सारतालाई स्वतन्त्रताजन्य पीडा, जीवनप्रतिको व्यर्थता र आशावादी स्वरका कोणबाट यहाँ विश्लेषण गरिएको छ ।

## ***स्वतन्त्रताजन्य पीडा***

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा स्वतन्त्रताजन्य पीडाको अभिव्यक्ति प्रमुख स्त्री पात्र वृक्षाका माध्यमबाट भएको छ । रूप र गुणले युक्त, स्नातक अनुत्तीर्ण पात्रका रूपमा वर्णित वृक्षा आस्तिक एवम् तास खेल्नप्रति आकृष्ट रहेकी पात्रका रूपमा चित्रित छ । आफ्ना वैयक्तिक तुष्टिका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा प्रवृत्त भएकी यस पात्रले एक सन्यासीको आग्रहका कारण पीडाको बोध गरेको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । उपन्यासकारले प्रयोग गर्ने विविध नवीन शैलीहरूमध्ये एक स्वप्न शैलीको प्रयोग गरिएको यस उपन्यासमा त्यसका माध्यमबाट वृक्षाले गरेको स्वतन्त्र निर्णयका कारण सिर्जित समस्यालाई प्रस्तुत गरेको देखिन्छ । वृक्षाको रूप र सौन्दर्यबाट प्रभावित पुरुष पात्रले उसको यथार्थ जीवनमा त समस्या सिर्जना गरेकै छन् साथै राति सपनामा भेटिएको सन्यासीसँग वार्ता गर्नका लागि गरेको निर्णय र उक्त निर्णयपश्चात् त्यस सन्यासीले आफूलाई आलिङ्गन र चुम्बन गर्नका लागि राखेको प्रस्तावबाट वृक्षा चिन्तित छे । आफ्नै निर्णयका कारण उसले समस्या भोगेकी छ भन्ने कुरालाई उपन्यासको यस उद्धरण स्पष्ट पारेको छ-"केटी यहाँ एकैछिन घोरिई । के भन्दैछ यो सन्यासी ? दिव्य पुरुष भएर यस्तो सांसारिक धोको पालेर बसेको रहेछ । अरू त अरू, यस्ताले पनि मलाई नछाड्ने भए र स्वप्नमा समेत लखेट्ने भए । कस्तो जन्म पाएछु मैले" (गौतम, २०५३, पृ. ३१) ? आफ्नो अस्तित्व के कसरी स्थापित गर्न सकिन्छ भन्ने कुराप्रति सचेत वृक्षाले धर्म र ईश्वरप्रतिको आस्थालाई उपयोग गरेको देखिन्छ । भाग्यमा विश्वास गर्ने यस पात्रले सपनामा सन्यासीसँग संवाद गर्ने कुरालाई स्वीकार गरेको कुराले आफ्नो जीवनमा परिवर्तन आउँछ भन्ने अपेक्षा राखेकी छ । उसले राखेको यस्तो अपेक्षाका विपरीत सन्यासीले वृक्षाको अस्मितामाथि आँच आउने खालको प्रस्ताव राखेका कारणले पीडाको बोध गरेकी हो भन्ने कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । आफैले गरेको निर्णयका कारण वृक्षाले पीडा भोग्नुपरेकाले यसलाई स्वतन्त्रताजन्य पीडाका रूपमा बोध गर्न सकिन्छ ।

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा वर्णित प्रमुख स्त्री चरित्र वृक्षा र उसकै साथी शशीले अधिकृत स्तरको सम्पन्नशाली पात्र ज्ञानप्रसादको घरमा तास खेल्न जाने निर्णय गरेपश्चात् उनीहरूको अस्मितामा समस्या सिर्जना भएको कुरालाई आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ । विशेष गरी वृक्षा कालीको भक्त बनेर र सन्यासीको कृपा ग्रहण गरेर तासको खाल फेर्दै आफूलाई सम्पन्न बनाउने कुरामा प्रतिबद्ध पात्रका रूपमा उपन्यासमा चित्रित छ । उसको रूप र सौन्दर्यबाट प्रभावित भएका तास खेल्ने पुरुष खेलाडीहरूले उसलाई भोग गर्ने अभिलाषा राख्ने, घुम्न जाऊँ भन्ने प्रस्ताव राख्ने तथा रेस्टुरामा

समय व्यतीत गरौँ भन्ने प्रस्तावको सामना गर्न बाध्य भएकी पात्रका रूपमा वृक्षा उपन्यासमा वर्णित छे । आफूले गरेको स्वतन्त्र निर्णयका कारण सिर्जित यस्ता समस्याबाट प्रताडित बनेकी यस पात्रलाई साथ दिएकी अर्की चरित्र शशी पनि यस समस्याबाट अछुतो छैन । तासको खालमा आइरहने खेलाडीमध्येको एक युवकको वृक्षा र शशीप्रति लक्षित यौनजन्य अभिव्यक्तिले आफूहरूको अस्मितामा गम्भीर सङ्कट सिर्जना भएको बोध यी दुई पात्रले गरेका छन् भन्ने कुरालाई उपन्यासको यस उद्धरणले सिद्ध गरेको छ-"एउटा नवयुवक जो निकै समयदेखि निकै पैसा लिएर खेलिरहेको थियो । त्यस्तै निकै समयदेखि वृक्षा नपाए शशिलाई स्पर्श गर्न अत्यन्त प्रयत्नशील थियो । उनीहरू कसैगरी आफूलाई जोगाइरहेका थिए । नवयुवक अब अलिक हाउभाउ स्तरमा ओर्लिन थालेको देखियो" (गौतम, २०५३, पृ. ६७) । आर्थिक सम्पन्नताको प्रलोभन देखाएर वृक्षा र शशीलाई भोग गर्ने अभिप्राय अनुरूप नवयुवकको व्यवहारबाट वृक्षा र शशीले पीडाको बोध गरेका छन् । पद, पैसा, प्रतिष्ठा, रूप, सौन्दर्य, बुद्धि आदिको प्रदर्शन गर्दै अर्कालाई प्रभाव पार्ने मानिसको प्रवृत्तिअनुसार नै त्यस नवयुवकले क्रियाकलाप गरेको देखिन्छ । वृक्षाको अभिप्राय आफूलाई बिकाउनका लागि तासको खालमा पक्कै पनि गएकी होइन । कालीप्रतिको आस्था र सन्यासीको वरदानलाई शिरोधार्य गर्दै तासको खालमा जाने निर्णय उसको छनोटको विषयका रूपमा रहेको देखिन्छ । आफ्नो आत्मिक तुष्टिका लागि गरेको स्वतन्त्र निर्णयका कारण तासको खालमा बस्दा त्यस नवयुवकले गरेको अपमानजनक व्यवहारको सिकार वृक्षा र शशी बनेको कुरालाई उपन्यासमा वर्णित घटनाक्रमका माध्यमबाट सिद्ध गरिएको छ । आफैले गरेको निर्णयका कारण यी दुई पात्रले अपमानजनक समस्या भोग्नुपरेको कुरालाई उपन्यासमा प्रस्तुत गरी स्वतन्त्रताजन्य पीडा अभिव्यक्त गरेको देखिन्छ ।

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा प्रमुख पात्रहरू वृक्षा र अग्निदत्तले आपसमा मन्दिरमा गएर बिहे गर्ने स्वतन्त्र निर्णय गरेपश्चात् भोग्नुपरेका समस्याका माध्यमबाट स्वतन्त्रताजन्य पीडा अभिव्यक्ति गरिएको छ । वृक्षाकै सहयोगमा बारमा जागिर पाएको अग्निदत्त पढेलेखेको र सरल भएकाले उसको रोजाइमा परेको पात्रका रूपमा उपन्यासमा वर्णित छ । वृक्षाकी दिदीले अग्निदत्तसँग बिहे नगर्न परामर्श दिएका अवस्थामा पनि त्यस कुरालाई वास्ता गरेकी छैन । रामबहादुर, ज्ञानप्रसाद, मनोज जस्ता सबल र सम्पन्न पात्रले वृक्षाप्रति आकर्षण भाव प्रस्तुत गरेका अवस्थामा तिनलाई तिरस्कार गर्दै अग्निदत्तसँग बिहे गर्नु र अग्निदत्तले पनि वृक्षासँग दाम्पत्य जीवन बिताउने कुरालाई स्वीकार गर्नुलाई अस्तित्ववादी वरणस्वतन्त्रताका रूपमा बोध गर्न सकिन्छ । यही स्वतन्त्रताको उपयोगपश्चात् यी दुवै पात्र डेरामा बस्न बाध्य भएका छन् । छोरो सासूसँग निकट बनेको छ । "सासु ससुराबाट कहिलेकाहीं सङ्केत पाइन्थ्यो, अग्निदत्तले वृक्षासित बिहे गरेर सबभन्दा नभएर पनि, जीवनको एउटा अक्षम्य गल्ती गरेको थियो" (गौतम, २०५३, पृ. २५६) । आफ्नै रोजाइका कारण यी दुई पात्रले बिहे गरे पनि उनीहरूमा बेला बेलामा वैमनस्यता देखिनु, सासूससुराले उपेक्षा गर्नु, रूप चाट्न नमिल्ने कुरा गर्नु, छोरो पनि वृक्षासँग निकट नरहनु, अन्ततः मौलिक अग्निदत्तले सिर्जना गरेको व्यवधान भोग्न बाध्य हुनु जस्ता समस्या भोग्न बाध्य भएको कुरालाई उपन्यासमा आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ । उपन्यासमा प्रस्तुत यी घटनाक्रमले

स्वतन्त्र निर्णयका कारण सृजित पीडालाई बोध गराएका छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

### *जीवनप्रतिको व्यर्थता*

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा जीवनप्रतिको व्यर्थताको अभिव्यक्ति प्रमुख स्त्री पात्र वृक्षाका माध्यमबाट भएको छ । यो पात्र आफ्नो जीवनलाई सार्थक बनाउनका लागि मन लागेको काम गर्नुपर्छ भन्ने कुरामा दृढ रहँदै त्यसैमा प्रवृत्त बनेका अवस्थामा आइपरेका समस्याका कारण जीवनप्रति व्यर्थताको अनुभूतिसमेत गरेकी छ । वृक्षा आस्तिक स्वभावकी भएकाले कालीको भक्त बनेकी, सन्यासीको आग्रहलाई परिपालन गरेकी, आनन्दका लागि तास खेल्नमा प्रवृत्त एवम् रूप गुणले सुसम्पन्न पात्रका रूपमा उपन्यासमा चित्रित छ । तास खेलप्रतिको उसको रोजाइ र नयाँ नयाँ पुरुष पात्रको  रेस्टुराँ जाने आग्रहलाई स्वीकार गर्ने निर्णय नै यसका लागि कतिपय स्थितिमा घातक बन्दा जीवनप्रति व्यर्थताको बोध गरेकी छ भन्ने कुरालाई उससँग सम्बद्ध उपन्यासका घटनाक्रमले स्पष्ट पारेका छन् । उसको सरुवाका अवस्थामा नगरकोटमा आयोजित पिकनिकबाट फर्कने क्रममा रामबहादुरको बाइकमा चढ्दा उससँग ठोकिएका घटनाको वर्णन नै वृक्षाका लागि जीवनप्रतिको व्यर्थताको भाव सिर्जना गर्ने कारक बनेको देखिन्छ । “म त पिठ्यूँ पछिपछि सार्दै गएँ । ऊ टाँस्सिँदै गई । बीचबीचमा घ्याच्च ब्रेक लगाउँथें । उसको बुबुले पिठ्यूँमा च्वास्स घोच्दथ्यो । करेन्ट लागे जस्तै हुन्थ्यो । त्यस्तो करेन्टको आनन्द नमरी लिन पाउनु भनेको ठूलो कुरा हो“ (गौतम, २०५३, पृ. ९७) । रामबहादुरले साथीहरूका माझमा प्रस्तुत गरेको यस अभिव्यक्तिले वृक्षाको अस्तित्वमा गम्भीर सङ्कट सिर्जना गरेको छ । आफूले साथीभाइका दृष्टिले निकट बन्ने प्रयत्न स्वरूप उनीहरूको आग्रहलाई स्वीकार गरेको तर ती पुरुष पात्रले भने आफूलाई साथीको दृष्टिले नभई वासनात्मक आसक्तिका दृष्टिले हेरेका र व्यवहार गरेका छन् भन्ने कुराको बोध वृक्षालाई भएको छ । आफैले गरेको निर्णयका कारण उसले पीडाको बोध गरेकी छ भन्ने कुरालाई उसकै यस अभिव्यक्तिले थप स्पष्ट पारेको छ “यही कुरो केटीले थाहा पाई । त्यसका लागि केटीले रामबहादुरलाई कहिल्यै क्षमा गरिन । स्वयं रामबहादुरले पनि आफूलाई क्षमा गर्न सकेन । केटीलाई सुर्ता भयो, घटिया ऊ आफूलाई मानोस् कि रामबहादुरलाई’’ (गौतम, २०५३, पृ. ९७) ? सत् मन, प्रेम, हार्दिकता, मित्रता र खुसीका लागि अन्य मानिससँग निकट बन्ने निर्णय गर्दै उनीहरूसँग रहँदा ती पात्रका क्रियाव्यापार भने वृक्षका लागि पीडा दिने खालका देखिएका छन् । आफ्नै निर्णयका कारण सिर्जित यस्ता पीडाका कारण नै यस पात्रले आफूलाई घटिया पात्रका रूपमा चित्रण गर्न पछि नपर्नुले उसले जीवनलाई व्यर्थ ठानेकी छ भन्ने कुराको बोध गर्न सकिन्छ । आफूले गरेका कर्म आफ्नै अस्मिताका लागि घातक बन्ने स्थिति देखिनु नै वृक्षालाई जीवनप्रति व्यर्थताको भाव सिर्जना गर्ने कारकका रूपमा रहेको बोध हुन्छ ।

मानिसले आफूलाई स्थापित गराउनका लागि गरेको निर्णयका कारण उसको जीवनमा विकसित अनपेक्षित घटनाक्रमका कारण जीवनप्रति नै व्यर्थताको बोध हुन्छ भन्ने कुरालाई *अग्निदत्त+अग्निदत्त* उपन्यासमा एक्सपोर्ट इम्पोर्ट अफिसको एक शाखामा रिसेप्सनिस्टका रूपमा काम गरिरहेकी पात्र वृक्षाले भोग्नुपरेका समस्याका कारण उसले गरेको अनुभूतिका माध्यमबाट अभिव्यक्त गरिएको छ । अपरिचित मानिसहरूले भन्दा पनि परिचित मानिसले अपरिचित जस्तो

ढङ्गले गरेका कुराकानी वृक्षाका लागि बढी बिझाउने खालका देखिएका छन् । वृक्षालाई भोग गर्न चाहने वासनात्मक आसक्तिका कारण प्रताडित पुरुष पात्रका कर्तुत उसका लागि पीडायुक्त बनेका छन् । आफैको रोजाइमा रहेको उक्त कम्पनीको रिसेप्सनिस्टमा बस्ने निर्णय वृक्षाका लागि पीडादायी बनेको छ । आफूले गरेका निर्णयले आफैलाई पोल्न थालेपछि वृक्षाले जीवनप्रति नै व्यर्थताको बोध गरेकी छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ- "यो क्षण केटीका लागि सर्वाधिक कष्टकर, झर्को लाग्दो र रिसेप्सनिष्टको जीवन पनि के रहेछ त, भन्ने खालको बन्न जान्थ्यो" (गौतम, २०५३, पृ. ९८) । आफ्नै रोजाइमा परेको पेसालाई अवलम्बन गरिरहेका अवस्थामा वृक्षाले प्रस्तुत गरेको उक्त अभिव्यक्तिले ऊ जीवनमा सन्तुष्ट छैन भन्ने कुरालाई पुष्टि गरेको छ । मानिसले आफूलाई जे कुरामा आनन्द र अस्तित्व प्राप्त हुन्छ भन्ने ठान्छ उसको रोजाइमा त्यसैमा परेको हुन्छ । वृक्षाले तास र जागिर नै आफ्नो जीवनको अस्तित्वको आधार हो भन्ने कुराको बोध गरी तिनैको छनोट गरेकी छ । त्यस क्रममा अन्य पुरुष पात्रले उसलाई पुऱ्याएको व्यवधान, वासनात्मक आसक्ति र अस्मितामाथि आक्रमण गर्ने प्रयत्नका कारण उसले सङ्कटको सामना गर्न बाध्य भएकी छ । रिसेप्सनिस्टमा बसेर फोन उठाउँदा भयको अनुभव गर्न बाध्य बनेकी छ । आफ्नै रोजाइका कारण आइपरेका यस्ता सङ्कटले उसलाई जीवनप्रति व्यर्थताको बोध गराएको देखिन्छ । यसै गरी मनोज भन्ने पात्रले आफ्नो जन्मदिनमा वृक्षलाई रिको घडी उपहार दिएकामा आफू अझ प्रयोग भइरहेको बोध गरेकी छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ- "मनोजलाई त्यस्तै छाडेर केटी हिंडी । अफिसमा पनि बसिन । सरासर घर गई । उसलाई आजसम्मको आफ्नो जीवन पहिलो पटक व्यर्थ र इरेजर लाएर रेट्नुपर्ने खालको लागेर आयो" (गौतम, २०५३, पृ. ११०) । वृक्षामा जीवनप्रतिको व्यर्थताको भाव सिर्जना गर्ने कारक उसकै स्वतन्त्र छनोट नै हुन् । अरू पुरुष पात्रसँग सहज ढङ्गले तास खेल्ने, रेस्टुरा जाने, पिकनिक जाने, बाइकमा चढ्ने जस्ता वृक्षाका क्रियाकलाप नै उसलाई जीवनप्रतिको व्यर्थताको बोध गराउने कारकका रूपमा देखिएका छन् ।

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा प्रमुख पुरुष पात्र अग्निदत्तका माध्यमबाट समेत जीवनप्रतिको व्यर्थताको अभिव्यक्ति भएको छ । यस पात्रका माध्यमाबाट नेपाल र नेपालीको अस्तित्व सङ्कटमा परेको कुरा प्रस्तुत भएको छ (लामिछाने, २०६३, पृ. १००) । यस पात्रले आफ्नो अस्तित्वका लागि प्रयत्न गर्दा भोग्नुपरेका समस्यालाई नेपालीका साझा समस्या बनाएको देखिन्छ । अग्निदत्त आफूले प्रशस्त सम्पत्ति कमाएको, घरमा बाआमाबाट उपेक्षित बनेको, तीनजना श्रीमतीबाट उपेक्षित बनेको, आफूले कमाएको सम्पत्ति समेत बाँड्नुपर्छ भन्ने भाइ विष्णुदत्तको आग्रहलाई अस्वीकार गरी घर छाड्ने निर्णय गरेपश्चात् झनै समस्याको भुमरीमा पर्न बाध्य भएको कुरालाई विषयबद्ध गरिएको छ । स्वैरकल्पनाका रूपमा प्रयुक्त तुरूप राज्यका सिपाहीले लगेपछि त्यहाँको बेथिति, विकृति, अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता विकृतिलाई झेल्न यो पात्र बाध्य हुनुपर्दा उसमा जीवनप्रति नै व्यर्थताको अनुभूति भएको छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ "ऊ अब जीवनको भारी ओसार्न असमर्थ छ । कताकताबाट अन्धकारदेखि अन्धकारसम्मकै यात्रा लागिरहेको थियो । सबथोक व्यर्थ लागेर आइरहेको थियो । अरूको खेल, जुवा, तासको एउटा हिस्सा मात्र बनेर अस्तित्व समाप्त हुन

थालेजस्तो। जीवन पछुताउजस्तो साट्न पाए हुन्थ्यो जस्तो लाग्न थाल्यो" (गौतम, २०५३, पृ. २०४-२०५)। घरमा आफ्नो अस्तित्वमाथि समस्या उत्पन्न भएपछि घर छाडेर तुरूप राज्यमा पुगेको अग्निदत्तले त्यहाँ पनि समस्याबाट मुक्त हुनुको सट्टा झनै त्यहाँका बेथितिबाट प्रताडित बन्न बाध्य भएको छ। आफूले गरेका निर्णयका कारण एकपछि अर्को सङ्कटको सामना गर्न बाध्य यस पात्रले अब जीवनमा सहारा पाउने कुराको आशा नदेखेपछि नै उसले जीवनलाई व्यर्थ ठान्न पुगेको हो।

## *आशावादी स्वर*

मानिसले आफ्नो अस्तित्वका लागि गरेको निर्णयका कारण सृजित समस्याबाट पीडाबोध गर्दै जीवनमा व्यर्थताको अनुभूति गरे पनि त्यस्ता समस्याबाट मुक्त हुन सकिने अभिप्रायका साथ जीवनमा प्रवृत्त रहेको हुन्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *अग्निदत्त+अग्निदत्त* उपन्यासमा प्रमुख स्त्री चरित्र वृक्षाले तास खेल्न जान गरेको निर्णयका माध्यमबाट अभिव्यक्त गरिएको छ। रूप र गुणले सम्पन्न, आस्तिक प्रकृतिकी यस चरित्रले कालीकै कृपाका माध्यमबाट आफू जीवनमा सफल बन्ने अभिलाषा अनुरूप देशमा जे चलिरहेको छ त्यसै कर्ममा आफूलाई क्रियाशील बनाएकी छ। समाजका बेथिति र विकृतिलाई चित्रण गर्ने उपन्यासकारको अभिप्रायलाई सार्थक पार्दै यस पात्रले तासको खालमा आफूलाई प्रवृत्त गराएकी छ। तासखेलका क्रममा भोग्नुपरेका अपमान र समस्याबाट प्रताडित बनेकी यस चरित्रले कतिपय अवस्थामा अन्य खेलाडीले तासलाई फ्याँक्दा खालबाट हिँड्ने गरेका घटनाले यो पात्र आफ्नो वैयक्तिक अस्मिताका विषयमा निकै गम्भीर र सचेत छ भन्ने कुरा स्पष्ट हुन्छ। आफ्नो अस्मितामा बाधा पुर्‍याउने पक्षलाई बहिष्कार गरी आफूले गर्दै आएको तास खेल्ने कर्मलाई निरन्तरता दिनुले उसमा रहेको आशावादी स्वरलाई अभिव्यञ्जित गरेको छ। तास खेलाइरहने ज्ञानप्रसादलाई राखेका सर्तले यस कुरालाई सिद्ध गरेको छ। "त्यसपछि केटीले केही शर्तहरू राखी। केही अश्लील प्रकारका इशारा गर्न खोज्ने नवयुवक र बृद्धहरूलाई त्यहाँ प्रवेश गर्न वर्जित गराई" (गौतम, २०५३, पृ. ७०)। वृक्षाले तास खेलका क्रममा आजसम्म विभिन्न खालका पुरुष पात्रबाट झेल्नुपरेका यौनजन्य हिंसाका कारण आफ्नो वैयक्तिक अस्मितामा बाधा सिर्जना भएको कुराको बोध गरेकी छ। आफ्नो अस्तित्वमाथि आक्रमण हुने स्थानमा जान उपयुक्त हुन्न भन्ने कुराको बोध गर्दै त्यसलाई निषेध गरेकी र पछि वृक्षाविनाको तास खेल स्वाभाविक नभएको बोध गर्दै उसका सामु माफी माग्ने ज्ञानप्रसादका क्रियाकलापका कारण प्रभावित हुँदै आफूले खेल्दै आएको तासबाट अलग नहुने भन्ने कुराले आशावादी स्वरलाई लक्षित गरेको छ। समाजमा तास खेल्ने मानिसलाई जसरी उपेक्षा गरिन्छ त्यस तहमा वृक्षा लागेकी होइन। पढाइमा असफल बनेकी यस पात्रले आफूलाई सफल बनाउन सन्यासीको कृपाअनुसार तासमा प्रवृत्त भएकी र त्यसै खेलबाट मात्र आफ्नो अस्तित्व स्थापित गर्न सकिन्छ भन्ने बोध गर्दै समस्या आए पनि त्यसै खेललाई निरन्तरता दिनुले जीवनमा आशावादी छे भन्ने स्पष्ट हुन्छ।

स्वैरकल्पनाको प्रयोग गरी लेखिएको *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता जीवनप्रतिको आशावादी स्वरलाई प्रमुख पात्र अग्निदत्तका माध्यमबाट समेत अभिव्यक्त गरिएको छ। घरमा बा गणेशदत्तबाट उपेक्षित, बाजे सोमदत्तको सम्पत्तिबाट वञ्चित, बलियो र सम्पन्न भाइ

विष्णुदत्तबाट बहिष्कृत, तीन श्रीमतीबाट तिरस्कृत एवम् आफूले कमाएको सबै सम्पत्ति बाँड्नुपर्ने जस्ता भाइ विष्णुदत्तका कुराबाट प्रताडित पात्रका रूपमा उपन्यासमा वर्णित छ । अग्निदत्तले जीवनमा भोग्नुपरेका समस्याका कारण निस्सारताको बोध गरेको छ (न्यौपाने, २०८०, पृ. २७) । यस्तो अवस्थामा रहेको यस पात्रले आफूलाई जीवनबाट समाप्त गर्ने नभई जीवनप्रति आशावादी रहँदै कर्ममा प्रवृत्त गराएको कुरालाई उपन्यासमा विषयबद्ध गरिनुले आशावादी स्वरलाई अभिव्यक्त गरेको बोध हुन्छ । घर छाडेर तुरूप राज्यमा बस्नु, त्यहाँका बेथिति र विकृति देखेपछि त्यहाँबाट पनि छाडेर होटल गएर बस्नु र पछि नेई कम्पनीमा काम गर्नु, वृक्षासँग बिहे गर्नु जस्ता उसको जीवनसँग सम्बद्ध घटनाक्रमले ऊ जीवनमा आइपरेका समस्याबाट भाग्ने होइन कि तिनलाई भोग्दै र जीवनमा सकारात्मक परिवर्तन आउँछ भन्ने कुराप्रति आशावादी रहँदै कर्ममा लागिरहेको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । जीवनमा समस्या त आउँछन् नै तिनलाई सामना गर्दै अगाडि बढ्नुपर्छ भन्ने कुरामा अग्निदत्त सचेत छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ- “यहाँ आफन्तहरूकै हिंसाको शिकार भएर रक्ताम्य हुनुभन्दा, बाहिरै घाइते हुनु हलुँ हुन्छ होला । यसबाट कम दुःखी होइन्छ” (गौतम, २०५३, पृ. २१७) । उपन्यासमा प्रस्तुत यस उद्धरणले अग्निदत्तले जीवनमा सुख सुविधा प्राप्त गर्न सकेको छैन भन्ने कुरालाई बोध गराएको छ । विशेष गरी आफन्तबाटै ऊ प्रताडित छ । यसो भए पनि ऊ जीवनबाट भाग्न चाहेको छैन । जीवनमा आइपरेका समस्यासँग जुध्दै अगाडि बढ्नुपर्छ भन्ने उसको सोचाइलाई घर छाडेको, तुरूप राज्य छाडेको, जागिर गरेको, वृक्षासँग बिहे गरी डेरामा बसेको जस्ता घटनाक्रमले पुष्टि गरेका छन् ।

दुःख, पीडा, अभाव, अन्याय, तिरस्कारको पर्याय बनेको वृक्षा र अग्निदत्तको जीवन सङ्घर्षले भरिएको छ । आफूलाई बनाउनका लागि यी दुई पात्रले गरेका सङ्घर्ष उनीहरूको अस्तित्वमाथि बाधा सिर्जना गरिदिने खालका देखिएका छन् । घरपरिवार, सम्पत्ति, इष्टमित्रबाट उपेक्षित भए पनि आफ्नो दाम्पत्य जीवनप्रति प्रतिबद्ध रहेका यी दुई पात्रलाई नयाँ अग्निदत्तले मुद्दा हालेर समस्या सिर्जना गरेको घटनाले यिनको जीवनमा थप जटिल सङ्कट सिर्जना गरिदिएको छ । सँगै जिउने प्रतिबद्धता अनुरूप आफ्नै निर्णयले मन्दिरमा बिहे गरेका यी दुई पात्रलाई सँगै बस्न नमिल्ने अवस्था नयाँ अग्निदत्तले सिर्जना गरिदिएको छ । वृक्षा र अग्निदत्त भने अर्को जीवनको खोजीमा रहेका छन् (पौडेल, २०६४, पृ. ५२) । अस्तित्ववादी जिजीविषा र प्रेमको अमरताका लागि यी दुई पात्र अग्निदत्त र वृक्षा नै भएर बाँच्न चाहनुले यिनीहरू जीवनप्रति आशावादी रहेका छन् भन्ने कुरा स्पष्ट हुन्छ । उपन्यासको यस उद्धरणले उक्त कुरालाई स्पष्ट पारेको छ- “तिनीहरू विश्राम गरिरहेका छन्, पर्खिरहेका छन् । यो देश, यो विश्व र यो ब्रह्माण्डै पनि वास्तविक रूपले एक्काईसौं शताब्दीमा पुगेपछि, फेरि एकपटक नयाँ किसिमले थालौं । अग्निदत्त र वृक्षा भएर बाँच्ने गरी” ( गौतम, २०५३, पृ. २६२) । जीवनलाई बोझ मानी, जीवनमा आइपरेका समस्यालाई वहन गर्न नसकी वा अन्य कुनै समस्याको सामना गर्न असमर्थ भई यी पात्र छार सरोवरमा डुबुल्की मारेका भने होइनन् । जीवनप्रति आशावादी बन्दै अस्मिताको जगेर्नाका लागि यी दुई पात्र क्षार सरोवरमा पुगेका हुन् (लुइटेल, २०५४, पृ. १९९) । आफूहरूको अस्तित्व, अस्मिता र प्रेमको अमरतालाई जोगाइराख्नका लागि यिनीहरू प्रतिबद्ध छन् ।

यिनीहरूको यस प्रतिबद्धताले जीवनप्रतिको आशावादी स्वरलाई स्पष्ट पारेको छ। पात्रले जीवनमा आइपरेका समस्यासँग जुध्दै सङ्घर्षमा प्रतिबद्ध रहेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरेर अस्तित्ववादी जीवन दृष्टिलाई गहन रूपमा अभिव्यक्त गरेको देखिन्छ।

## निष्कर्ष

आधुनिक नेपाली उपन्यास सिर्जनापरम्परामा विनिर्माण लेखन शिल्पलाई उपयोग गरी लेखिएको *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता निस्सारतालाई गहन ढङ्गले आख्यानीकरण गरिएको छ। उपन्यासका प्रमुख पात्रका क्रियाव्यापार, तिनको जीवन भोगाइ र तिनले जीवनमा गरेका निर्णयका कारण सिर्जित समस्यालाई आधार बनाई रचना गरिएको यस उपन्यासमा मूलतः मानिसले जीवनमा गरेका निर्णयका कारण आइपर्ने सङ्कट र तिनको समाधान गर्नुपर्ने कुरालाई नाटकीकरण गरिएको छ। मानिसले जीवनमा स्वतन्त्रतालाई उपयोग गरेका कारण आइपर्ने अनेक समस्याको सामना गर्नुपर्ने बाध्यता रहेको हुन्छ। उक्त कुरालाई विश्लेषित यस उपन्यासका पात्रका क्रियाव्यापारका माध्यमबाट गहन ढङ्गले अभिव्यक्त गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ। जीवनमा गरेका निर्णयका कारण एकपछि अर्को समस्याको सामना गर्नुपर्दा र ती समस्याबाट मुक्त हुने अभिलक्षण कतैबाट प्राप्त नहुँदा यस उपन्यासका पात्रले जीवनप्रति व्यर्थताको बोध गरेका छन्। समस्याबाट मुक्तिका लागि गरिएको निर्णयले थप समस्या सिर्जना गर्दा यस उपन्यासका अस्तित्वशील पात्रले जीवनप्रति व्यर्थताको बोध गरेका छन् भन्ने निचोड यस अध्ययनको रहेको छ। जति धेरै समस्या आइपरे पनि तिनको सामना गर्दै अस्तित्वका लागि यस उपन्यासका पात्रले आफूलाई जीवनमा प्रवृत्त गराएका घटनाको संयोजन गरिनुले तिनका माध्यमबाट जीवनप्रति आशावादी रहनुपर्छ भन्ने स्वर यस उपन्यासमा अभिव्यञ्जित भएको छ भन्ने बोध हुन्छ। यस उपन्यासका पात्रहरू अस्तित्वका लागि गरेका निर्णयका कारण समस्या भोग्न बाध्य हुनुपर्दा तिनमा जीवनप्रति व्यर्थताको अनुभूति भए पनि जीवनबाट विचलित भएका छैनन्। जीवनमा स्वतन्त्र निर्णय गर्दा आइपरेका समस्याका कारण वितृष्णाभाव जागृत भए पनि समस्याबाट नभागी जीवनप्रति आशावादी रहनुपर्छ भन्ने लोककल्याणकारी विचारलाई यस उपन्यासमा आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ भन्ने निष्कर्षात्मक प्राप्ति यस अध्ययनको रहेको छ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख तयार पार्ने क्रममा त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय अनुसन्धान निर्देशनालयले प्रदान गरेको प्राज्ञिक परामर्शका लागि हार्दिक कृतज्ञताज्ञापन गर्दछु।

## सन्दर्भ सामग्रीसूची

खतिवडा, लेखराज (२०७४), "विजय मल्लका नाटकमा अस्तित्ववाद", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर।

गौतम, ध्रुवचन्द्र (२०५३), *अग्निदत्त+अग्निदत्त,* नेपाल लेखक सङ्घ।

त्रिपाठी, वासुदेव (२०३०/२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (तेस्रो संस्क.),साझा प्रकाशन।

न्यौपाने, श्रीधर (२०८०), "ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

पाण्डे, ज्ञानू (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद*, नेपाली आख्यान समाज ।

पौडेल, विष्णुप्रसाद (२०६४), "समकालीन नेपाली उपन्यासकार ध्रुवचन्द्र गौतमका मूल प्रवृत्ति", अप्रकाशित लघु शोधप्रतिवेदन, विश्वविद्यालय अनुदान आयोग, भक्तपुर ।

प्रधान, मच्छिन्द्र (सन् १९७१), 'अस्तिवाद : परिचयन', *वार्ताहरू*, कुमार प्रधान ( सम्पा.), नेपाली साहित्य परिषद् ।

भट्टराई, गोविन्दराज (२०४९/२०६७), *काव्यिक आन्दोलनको परिचय*, (तेस्रो संस्क.), साझा प्रकाशन ।

रुबिचेक, पल (सन् १९७३), *अस्तित्ववाद : पक्ष और विपक्ष*, प्रभाकर माचवे (अनु.), मध्य प्रदेश हिन्दी ग्रन्थ एकेडेमी ।

लामिछाने, यादवप्रकाश (२०६३), *आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध*, विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५४), 'समसामयिक नेपाली जनजीवनको प्रतिकृति : *अग्निदत्त+अग्निदत्त*', *प्रज्ञा*, ८५, पृ. १८५-२०५ ।

सक्सेना, लक्ष्मी र मिश्र, सभाजीत (सन् १९८८), *अस्तित्ववाद के प्रमुख विचारक*, मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

Habib, M.A.R. (2011). *Literary criticism from Plato to the present*. John Wiley and sons ltd.

Kaufman, W. (1956/1960). *Existentialism from Dostoevsky to Sartre* (12th ed.). Meridian books.

Sartre, J. P. (n. d.). *Being and nothingness*. Hazel E. Barnes (trans.). University of Colorado.

Sartre, J. P. (1947/2007). *Existentialism is a humanism*. Yale university press.

Sartre, J. P. (1957/2011). *Existentialism and human emotions*. Philosophical library.